National News

ALL INDIA RADIO GANGTOK

BROADCAST: 19:25 hrs Date: 25.03.2025

---

*मुख्य समाचार :-*

- *लोकसभाले वित्त विधेयक 2025 पारित गरेको छ । विधेयकमा, करदाताहरूलाई सम्मान दिनु अनि कारोबारी सुगमताका लागि करहरूमा राहत दिइएको, भन्नुभएकोछ ।*
- *लोकसभामा बोयलर बिल 2024 पारित भएकोछ ।*
- *दिल्लीकी मुख्यमन्त्री रेखा गुप्ताले आज दिल्ली विधानसभामा वित्त वर्ष 2025-2026 को बजट पेश गर्नुभयो ।*
- *नेपाल सरकारले 16 देखि 18 मई सम्म काठमाँडौमा, जलवायु परिवर्तन, पहाड़हरू अनि मानवताको भविष्य शीर्षक रहेको पहिलो सगरमाथा सम्बादको आयोजत गर्नेछ ।*
- *IPL क्रिकेटमा आज अहमदाबादमा गुजरात टाइटन्सको भीडन्त पंजाब किंग्ससित भई रहेकोछ।*

---

*भारत- सिंगापुर LOI*

भारत र सिंगापुर आज ग्रीन र डिजिटल शिपिंग कँरीडर- GDSC का लागि आशय पत्रमा हस्ताक्षर गरेकाछन् । यसको उद्देश्य जहाजराती कँरीडोरको डिजिटलीकरण गर्नु अनि कार्बन ररित बताउनुहो । सिंगापुरको समुद्री तथा बन्दरगाह प्राधिकरण र बन्दरगाह, र शिपिंग मन्त्रालयले एक संयुक्त विज्ञप्तिमा भनेको छ, सिंगापुर- भारत ग्रीन तथा डिजिटल शिपिंग कँरीडरले दुवै देश बीचको सहयोगलाई बढ़ाउनेछ ।

---

*दिल्ली विधानसभा*

दिल्लीकी मुख्यमन्त्री रेखा गुप्ताले आज दिल्ली विधानसभामा वित्त वर्ष 2025-2026 को बजेट पेश गर्नुभयो । मुख्यमन्त्रीसित, वित्त मन्त्रालयको पनि कार्यभार छ । भारतीय जनता पार्टीको नेतृत्वमा दिल्लीको नव निर्वाचित सरकारको यो पहिलो बजट हो । सदनमा बजट पेश गर्दै श्रीमती गुप्ताले भन्नुभयो, एक लाख करोढ़ रूपियाँको प्रस्तावित यस बजटमा राज्यका विभिन्न क्षेत्रहरूमा विकास र उन्नतिबारे बढ़ि जोड़ दिइएको छ । मुख्यमन्त्रीले घोषणा गर्नुभयो- बजटमा

28 हजार करोड़ भन्दा बढ़ि धनराशि खर्च गरिने प्रावधान छ, जुन पहिल्लो बजट भन्दा लगभग दोब्बरछ । दिल्ली सरकारको अग्रिम, महिला समृध्दि योजनाका लागि बजटमा 51 सय करोढ़ रूपियाँको प्रावधान गरिएकोछ । श्रीमती रेखा गुप्ताले सरकारले राष्ट्रिय राजधानीमा एक सय विभिन्न क्षेत्रहरूमा अटल कैंटीन स्थापित गर्नका लागि एक सय करोढ़ रूपियाँको प्रावधान गरेको पनि भन्नुभयो । बजटमा आयुष्मान योजनाका लागि दुई हजार करोढ़ रूपियाँ भन्दा बढि आवंटिट गरिएकोछ । भोलि विधानसभामा यसबारे हलफल हुनेछ । दिल्ली विधानसभाको बजट सत्र यस महीनाको 28 तारीख सम्म चलनेछ ।

---

*IPL क्रिकेट*

IPL क्रिकेटमा आज अहमदाबादमा गुजरात टाइटन्सको भीड़न्त पंजाब किंग्ससित भई रहेकोछ । मैच भर्खरै शुरू भएकोछ ।

---

*प्रधानमन्त्री टी बी*

प्रधानमन्त्री नरेन्द्र मोदीले भन्नुभएकोछ, भारतले टी बी अर्थात क्षय रोग विरूध्दको अभियानमा उल्लेखनीय प्रगति गरेकोछ । हालमा सम्पन्न 100- दिवसीय टी बी मुक्त भारत अभियानबाट प्राण्त महत्वपूर्ण जानकारीहरूबारे केन्द्रिय स्वास्थ्य मन्त्री जे पी नड्डाको एक लेखलाई साझा गर्दै प्रधानमन्त्रीले, यस अभियानले टी बी मुक्त भारतमका लागि पहिलो जग राखेको भन्नुभएकोछ । हिजो विश्व क्षय दिवसबारे लेखमा श्री नड्डाले, भारतले क्षय रोग उन्मूलन गर्ने दृष्टिकोणलाई पुर्न परिभाषित गरी रहेको भन्नुभएकोछ ।

*लोकसभा वित्त विधेयक*

लोकसभाले वित्त विधेयक, 2025 पारित गरेकोछ । विधेयकको उद्देश्य, वित्त वर्ष 2025-2026 का लागि केन्द्र सरकारका वित्तीय प्रस्तावहरूलाई प्रभावी बताउनुहो । वित्त विधेयकबारे चर्चाको जवाफ दिँदै केन्द्रिय वित्त मन्त्री निर्मला सीतारमनले भन्नुभयो, विधेयकमा करदाताहरूलाई सम्मान प्रदान गर्नु अनि कारोबारी सुगमताका लागि करहूरमा राहत दिइएकोछ । उहाँले भन्नुभयो नयाँ कर व्यवस्था अन्तर्गत 12 लाख रूपियाँ सम्मको सीतारमनले नया आपकर विधेयक माथि आगामी मनसून सत्रमा चर्चा हुने सम्भावना भएको भन्नुभयो ।

---

*रिजिजू- अल्पसंख्यक*

भारतलाई 2047 सम्म आत्मनिर्भर राष्ट्र बनाउनुमा अल्सपसंख्यकहरूको योगदान महत्वपूर्ण हुनेछ । अल्प्संख्यक कार्य मन्त्री किरेन रिजिजूले आज नया दिल्लीमा राज्य अल्पसंख्यकहरूको एक सम्मेलनलाई संबोधित गर्दै यसो भन्नुभएको हो । उहाँले अल्पसंख्यकहरूको शिक्षा र सीप विकासलाई प्राथमिकता दिइने आवश्यकतामा जोढ़ दिनुभएकोछ ।

*जम्मू कश्मीर- अमित शाह*

गृहमन्त्री अमित शाहले जम्मू कश्मीरमा पृथकतावाद अब इतिहास भई सकेको भन्नुभएकोछ । उहाँले भन्नुभयो हरियतसित जुड़ेका दई संगठनहरूले पृथ्कतावाद गतिविधिहरू छोड़ी सकेका छन् । राषट्रीय एकताको दिशामा यसलाई एउटा ठूलो कदम बताउँदै श्री शाहले सबै समूहहरूसित पृथ्कतावादलाई समाप्त गर्ने आग्रह गर्नुभयो । उहाँले यस परिवर्तनका लागि प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वलाई श्रेय दिँदै, यसले शान्तिपूर्ण र एकीकृत भारतका लागि प्रधान मन्त्रीको दृष्टिकोशलाई दर्शाउँछ, भन्नुभयो ।

---

*नेपाल जलवायु परिवर्तन*

नेपाल सरकारले 16 देखि 18 मई 2025 सम्म काठमाँडौमा पहिलो सगरमाथा सम्वादको आयोजना गरि रहेकोछ जसको विषय 'जलवायु परिसवर्तन, पहाड़हरू अनि मानवताको भविश्य' रहेकोछ । सगरमाथा संवाद नेपाल सरकारद्वारा गरिने एक प्रमुख संवाद दिवार्षिक कार्यक्रम हो जरा मार्फत नेपालले वैश्वित तवरमा पहाड़हरू का लागि आवाजको नेतृत्व गर्छ । यस संवाद कार्यक्रममा, राज्य तथा सरकार प्रमुख, सांसद, नीति- निर्माता र स्थानीय सरकार साथै अंर्त सरकारी संगठन, तिजी क्षेत्र, नागरिक समाज, प्रबन्धजन, महिला, युवा र मीडिया क्षेत्रका नेताहरू शामेल हुने अपेक्षा गरिन्छ । उनीहरूले प्रमुख वैश्विक मुद्दाहरूबारे सहयोगत कृतीकाहरू विचारहरूको आदान प्रदान र अनुभवहरू साझा गर्नेछन् ।

---

*दिल्ली- विदेशी घुष्पैठिया*

दिल्ली सरकारमा मन्त्री आशीष सूदले राषट्रीय राजधानीमा कुनैपनि विदेशी घुष्पैठियाहरूलाई रहने अनुमति दिइनु हुन्न भन्नुभएकोछ । पत्रकारहरूसित भएको कुराकानीमा उहाँले भन्नुभयो, गृहमन्त्री अमित शाहको मार्गदर्शनमा रोहिंग्या, बांग्लादेशी अथवा कुनै अन्य व्यक्तिलाई, अवैद तवरमा राजधानीमा बसोबास गर्न दिइने छैन । श्री सूदले यी विदेशी घुष्पैठियाहरूले देशको संप्रभुता र सुरक्षाका लागि खतरा उत्पन्न गर्छन, भन्नुभयो ।

*लोकसभा- बोयलर बिल*

लोकसभामा बोयलर बिल 2024 पारित भएकोछ । यसले बोयलर अधिनियम 1923 लाई निरस्ट पार्छ । यस विधेयकमा बोयलरको नियमन, भाप बोयलरको विस्फोटको खतरा देखि मानिसहरूको जीवन र सपस्टिको सुरक्षाका निम्ति प्रावधान गरिएकोछ । राज्यसभाले गत वर्ष दिसेम्बरमा पोयलर बील 2024 लाई पहिलो नै पारित गरिसकेकोछ ।

---

*राज्यसभा- आपदा प्रवन्धन विधेयक*

राज्यसभा- आपदा प्रवन्धन विधेयक राज्यसभामा आपदा प्रवंधन (संशोधन) विधेयक 2024 माथि आज चर्चा शुरू भएकोछ ।

---

*खेलो इंडिया*

दिल्लीमा खेलो इंडिया पैरा गेम्सको छैठौं दिन निशानेबाज अनि भास्टोलकहरूले आफ्नो असाधारण कौशल अनि शानदार खेलको प्रदर्शन गरेकाछन् । डा कर्णी सिंह शूटिंग रेंजमा आज आकाशले मिक्सड 50 मीटर पिस्टल एसएच-1 मा स्वर्ण पदक प्राप्त गरे । यसै प्रतिस्पर्धामा, संजीव कुमारले रजत अनि सन्देशले कांस्य पदक जीते । राजधानीको जवाहरलाल नेहरू स्टेडियममा भास्टोलनमा स्लीत 80 किलोमा संदेशा B G ले स्वर्ण पदक हात पारे भने मुरूगनले रजत अनि जगदीपले कांस्य पदक जीते ।

---

*अन्तयमा प्रमुख समाचार फेरी एक पल्ट*

- *लोकसभाले वित्त विधेयक 2025 पारित गरेको छ । विधेयकमा, करदाताहरूलाई सम्मान दिनु अनि कारोबारी सुगमताका लागि करहरूमा राहत दिइएको, भन्नुभएकोछ ।*
- *लोकसभामा बोयलर बील 2024 पारित भएकोछ ।*
- *दिल्लीकी मुख्यमन्त्री रेखा गुप्ताले आज दिल्ली विधानसभामा वित्त वर्ष 2025-2026 को बजट पेश गर्नुभयो ।*
- *नेपाल सरकारले 16 देखि 18 मई सम्म काठमाँडौमा, जलवायु परिवर्तन, पहाड़हरू अनि मानवताको भविष्य शीर्षक रहेको पहिलो सगरमाथा सम्बादको आयोजत गर्नेछ ।*
- *IPL क्रिकेटमा आज अहमदाबादमा गुजरात टाइटन्सको भीडन्त पंजाब किंग्ससित भई रहेकोछ।*